# हार्दिक शुभकामना

"जेष्ठ नागरिकको सम्मान, हाम्रो सभ्यताको पहिचान" भन्ने मुल नाराका साथ मनाईने यस बर्षको राष्ट्रिय जेष्ठ नागरिक दिवस, २०८० को अवसरमा पालिकाभित्र र बाहिर रहनुभएका चन्द्रकोट बासी आदरणीय ज्येष्ठ नागरिक लगायत सम्पूर्ण बुवा-आमाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।

हामी सबैका अभिभावकको रुपमा रहेका ज्येष्ठ नागरिकहरुले आफ्नो जीवनको उर्जाशील समयमा कुनै न कुनै तरिकावाट राष्ट्र र समाज निर्माणको लागि पुऱ्याउनुभएको योगदानप्रति उच्च सम्मान प्रकट गर्दै यस अवसरमा उहाँहरुको दिर्घजीवन र सु-स्वास्थ्यको कामना गर्दछौं। ज्येष्ठ नागरिकहरुलाई सम्मान र अधिकारमा पहुँच पुऱ्याउनका लागि नेपालको बर्तमान संविधान, विभिन्न सम्बद्द कानुन, प्रदेश तथा पालिका स्तरका विभिन्न नीति तथा कार्यक्रमहरु लागु भैरहेको अवस्था छ। यसै सन्दर्भमा हाम्रो यस चन्द्रकोट गाउँपालिकाले समेत आफ्ना नीति तथा बार्षिक कार्यक्रमहरुमा जेष्ठ नागरिकसँग गाउँपालिका भन्ने नारालाई आत्मसाथ गर्दै विभिन्न कार्यक्रमहरु गर्दै आएको छ। जेष्ठ नागरिक लक्षित विभिन्न कार्यक्रमहरु, जेष्ठ नागरिक परिचयपत्र वितरणमा सहजता, जेष्ठ नागरिकको ज्ञानसीपलाई पालिकाको समग्र सामाजिक विकासका लागि शिरोधार्य गर्दै लगेका छौं। आफूभन्दा ठूलालाई सम्मान र आदर गर्ने हाम्रो संस्कार हो। यसलाई अक्षुण्ण राख्दै जीवन यात्राका क्रममा म पनि एकपटक ज्येष्ठ नागरिक हुन्छु भन्ने ठानी उनीहरुलाई सम्मान, आदार र माया गर्नु हामी सवैको कर्तव्य हो। ज्येष्ठ नागरिकहरुले आफ्नो जीवनकालमा संगालेका ज्ञान, सीप र अनुभवहरु हाम्रा लागि अमूल्य सम्पति हुन् र यिनले नयाँ पुस्तालाई निरन्तर मार्गनिर्देश गरिरहनेछन् भन्ने विश्वास लिएका छौं ज्येष्ठ नागरिकको जीवनलाई सहज, सुरक्षित र सम्मानित बनाउन आ-आफ्नो ठाउँवाट प्रतिवद्धतासहित लाग्न आजको दिनले हामी सवैलाई थप प्रेरणा प्रदान गर्न सकोस् भन्ने कामना समेत गर्दछौं।

हाम्रो वातावरणमा आउने विभिन्न परिस्थितिजन्य अवस्थाको प्रतिकुल असर ज्येष्ठ नागरिकको स्वास्थ्यमा पारिरहेको हुनाले यसप्रति सचेत रहन, ख्याल गर्न र जनस्वास्थ्यका उपायहरु अपनाउने विषयमा हेलचक्राइ नगर्न यस अवसरमा सबैलाई हार्दिक अपिल गर्दछौं।

अन्त्यमा, जेष्ठ नागरिक हाम्रा प्रेरणाका श्रोत र मार्गदर्शक भएका कारण उहाँहरुको जीवनयापनमा सहजताका लागि विशेष ख्याल गर्न परिवार, समाज तथा सिङ्गो समुदायमा हार्दिक अनुरोध गर्दै सम्पूर्ण जेष्ठ नागरिक आमा-वुवाहरुमा सुस्वास्थ्य र दीर्घजीवनको लागि पुनः शुभकामना व्यक्त गर्दछौं।

*मितिः २०८० पौष ११ गते।*

..................................
(विष्णु प्रसाद भण्डारी)
उपाध्यक्ष

..................................
(युवराज खत्री क्षत्री)
अध्यक्ष